## श्री दार्चुला जिल्ला अदालतबाट जारी भएको लिलाम बढाबढ सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति: २०७७।१२।०९ / सूचना टाँस हुने मिति-२०७७।१२।१० देखि तपसिलमा उल्लेख गरिए बमोजिम)

उप[illegible] प्र.ना.उ. पदम बहादुर विष्ट समेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दोकार लामा भएको बिना इजाजत अवैध जडिबुटी यार्सागुम्बा ओसारपसार मुद्दामा निज प्रतिवादीबाट १७.५१ कि.ग्रा. बरामद भएकोमा यस अदालतको मिति २०७७।०७।२६को थुनछेक आदेशानुसार फिर्ता दिइएको १०कि.ग्रा. यार्सागुम्बा [illegible] ७.५१ कि.ग्रा. यार्सागुम्बा जिन्सीमा आम्दानी बाधिएकोमा यस अदालतको मिति २०७७।०९।२३को फैसला अनुसार जफत हुने ठहरेको उक्त ७.५१ कि.ग्रा. यार्सागुम्बा यस अदालतका माननीय जिल्ला न्यायाधीश ज्यूबाट लिलाम बढाबढ प्रकृयाबाट लिलाम बिक्री गरी आम्दानी राजस्वमा दाखिला गर्न अनुमति प्रदान भई जिल्ला अदालत नियमावली,२०७५ को नियम ९२ बमोजिमको मूल्यांकन समितिले उल्लेखित ७.५१ कि.ग्रा. यार्सागुम्बाको जम्मा एकमुष्ट मूल्य रु.७,२५,४००।-कायम गर्ने निर्णय गरेको हुँदा सो मूल्य भन्दा बढी रकम मध्ये जसले जति रकममा लिलाम सकार गर्न चाहेको हो सो रकम उल्लेख गरी गोप्य सिलवन्दी बोलपत्र दर्ता गरी लिलाम बढाबढ प्रकृयामा भाग लिन सबै योग्य इच्छुकहरुलाई आह्वान गरिएको छ। लिलाम हुने यार्सागुम्बाको बढाबढ प्रकृयामा सहभागी भई लिलाम सकार गर्न पूरा गर्नुपर्ने शर्त र सोको विवरणहरु तपसिल बमोजिम रहेको व्यहोरा सबैमा सूचित गरिन्छ।

तपसिल

१. लिलाम बढाबढमा सहभागी भई लिलाम सकार गर्न पूरा गर्नुपर्ने शर्तहरु:-

(क)लिलाम बढाबढमा सहभागी हुन चाहनेले फिर्ता नहुने बोलपत्र फाराम दस्तुर रु.१,०००।– तिरी मिति २०७७।१२।२४ गते भित्र कार्यालय समयमा यस अदालतको तहसिल शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ। लिलाम सकार गर्न चाहने निवेदक व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, कुनै फर्म वा संस्था भए नविकरण सहितको फर्म वा संस्था दर्ताको प्रमाणपत्र र यस आ.ब. सम्मको कर चुक्ता गरेको प्रमाण लगायतका आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि साथै राखी निवेदन पेश गर्नुपर्ने छ। निवेदन दर्ता नगराई लिलाम हुने समयमा उपस्थित हुने व्यक्ति वा संस्थालाई लिलाम बढाबढ प्रकृयामा सहभागी गराइने छैन। (ख) लिलाम हुने ७.५१ कि.ग्रा. यार्सागुम्बालाई मूल्यांकन समितिले एकमुष्ट मूल्य रु.७,२५,४००।– कायम गरेकाले सो भन्दा माथि आफूले कबोल गर्न चाहेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी बोलपत्रको साथमा उक्त कबोल अंकको १०% (दश प्रतिशत) ले हुने रकम राष्ट्रिय वाणिज्य बैंक दार्चुला शाखामा कोष तथा लेखा नियन्त्रक कार्यालय दार्चुलाको धरौटी खाता नं.४०९०१००१०२०३०००० (कार्यालयको नाम-दार्चुला जिल्ला अदालत र कोड नं.२०४००७३०१) मा जम्मा गरेको सक्कल भौचर वा बैंक जमानत समेत पेश गर्नुपर्ने छ। (ग) बोलपत्र दाखिला गर्दा खामको बाहिर बोलपत्रदाताको नाम, थर, ठेगाना, फोन नं. समेत खुलाई लाहाछाप लगाई सिलवन्दी खाम मिति २०७७।१२।२५ गते दिनको १० देखि २ बजे सम्म यस अदालतको तहसिल शाखामा दर्ता गराई सक्नु पर्ने र सो दिन सार्वजनिक विदा परेमा अदालत खुलेको पहिलो दिन सोही समयमा दर्ता गराई सक्नु पर्ने छ। निवेदकहरु द्वारा दर्ता भएका सिलवन्दी बोलपत्र फारामहरु दर्ता भएकै दिनको २ देखि ५ बजेसम्म बोलपत्रदाताहरु र अन्य सम्बन्धित कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस अदालतमा खोलिने छ. निर्धारित समयमा बोलपत्रदाताहरु अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्रमा अंक र अक्षर फरक परेमा अक्षरलाई र केरमेट गरिएकोमा सो स्थानमा सही भएकोलाई मात्र मान्यता दिइने छ। म्याद भित्र निवेदन दिई सबैभन्दा बढी रकम उल्लेख गरी सिलबन्दी बोलपत्र पेश गर्ने निवेदक भन्दा अन्य निवेदक/हरुले बढी रकममा लिलाम सकार गर्न चाहेमा त्यस्ता निवेदकहरुलाई बढ रकमको १०% धरौटी रकम तत्काल नगदै यस अदालतमा जम्मा गर्न लगाई बढाबढ गराइने छ। (घ) लिलाम सकार गर्नेले स्वीकृतीको सूचना पाएको मितिले ३ दिन भित्र आफूले बोलकबोल गरेको रकमको बाँकी ९०%रकम दाखिला गरी प्रचलित कानून बमोजिम यार्सागुम्बाको छोडपूर्जी बनाउन तिर्नुपर्ने राजस्व तथा लिलाम सकार गरेको मूल्यमा तिर्नुपर्ने मूल्य अभिवृद्धि कर समेत निजले नै भुक्तान गर्नु पर्ने र उक्त यार्सागुम्बा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बुझी लैजानु पर्ने छ, सो बमोजिम यार्सागुम्बा लैजान नसके निजले यस अदालतमा लिलाम सकार गर्नका लागि जम्मा गरेको सम्पूर्ण धरौटी रकम जफत गरी पुन: नियमानुसार लिलामको प्रकृया अगाडि बढाइने छ। (ङ) लिलाम बढाबढ प्रकृयामा कुनै प्रकारको मिलेमतो, अनियमितता र छुट भएको देखिएमा यो लिलाम सम्बन्धी प्रकृयालाई रोक्ने तथा नियमित गर्ने र आवश्यक कानूनी कारवाही गर्ने अधिकार र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतलाई हुने छ। अन्य कुरा सम्बन्धित प्रचलित कानून बमोजिम हुने छ। (च) लिलाम हुने यार्सागुम्बा हेर्न चाहेमा यस अदालतको तहसिल शाखामा अदालत समयभित्र सम्पर्क गरी हेर्न सकिने छ।

२. लिलाम हुने जिन्सी सामानको विवरण:-

| सि.नं. | विवरण | परिमाण | मूल्यांकन समितिले कायम गरेको न्युनतम मूल्य रू. | कैफियत |
|---|---|---|---|---|
| १. | यार्सागुम्बा (पोका नं.१ को) | ३.८७ कि.ग्रा. | ३,४८,३००।- | उल्लेखित यार्सागुम्बाको मूल्यांकन समितिले एकमुष्ट रुपमा कायम गरेको न्युनतम मूल्य भन्दा माथि जुन निवेदक द्वारा सबैभन्दा बढी रकममा सकार गरिन्छ उसैलाई नै नियमानुसार लिलाम सकार गराइने छ। |
| २. | यार्सागुम्बा (पोका नं.५ को) | ३.१९ कि.ग्रा. | २,८७,१००।- | |
| ३. | यार्सागुम्बा (पोका नं.३ को बाँकी) | ०.४५ कि.ग्रा. | ९०,०००।- | |
| | जम्मा | ७.५१ कि.ग्रा. | ७,२५,४००।- | |

(तहसिल शाखा, दार्चुला जिल्ला अदालत)